# रामग्राम नगरपालिकाको बाह्रौ नगर सभामा प्रस्तुत
# आ ब २०८०।८१ को नीति कार्यक्रम र वार्षिक बजेट

**नगर सभामा प्रस्तुत मिति २०८०।०३।०८**

रामग्राम नगरपालिकाको गरिमामय बाह्रौ नगर सभाका आदरणीय सभा अध्यक्ष एवं नगर प्रमुख ज्यू, सम्पुर्ण नगर सभा सदस्य ज्यूहरु, प्रशासकीय अधिकृत ज्यू, लगायत सबै राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मी मित्रहरु अन्य उपस्थित महानुभावहरुमा हार्दिक स्वागत एवं नमस्कार व्यक्त गर्दछु । २०७९ बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा नगरका सार्वभौम जनताबाट नगर सभाका सदस्यका रुपमा निर्वाचित भए पश्चात आजको यो गरिमामय सभामा दोश्रो वार्षिक वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा खुसी लागेको छ ।

आज हामी "**नगरवासीको रहर : स्वच्छ, सफा र विकसित नगर**" भन्ने दीर्घकालीन लक्ष्य सहित आगामी आ. व. २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत छलफल र अनुमोदन गर्न उपस्थित भएका छौ । रामग्राम नगर सरकारको तर्फबाट रामग्राम नगरपालिकाको उपप्रमुखको हैसियतले यो गरिमामय नगर सभा समक्ष आ. व.२०८०।८१ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहुने तपाईहरु सम्पुर्ण प्रति अभारी छु।

नेपालको संविधानअनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र स्थापित गर्ने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु । त्यसैगरी विगत वर्षहरुमा कोभिड १९ तथा अन्य प्राकृतिक प्रकोपबाट ज्यान गुमाउनु भएका नगरवासीहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनहरुका क्रममा घाइते, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

पहिलो स्थानीय व्यवस्थापिकाले ९ वटा नगर सभा सम्पन्न गरी नगरपालिकाको विकास निर्माणमा पुर्याएको योगदानलाई उच्च कदर गर्दै पूर्व नगर प्रमुख ज्यू मार्फत सम्पुर्ण सभा सदस्य ज्यू हरुलाई धन्यवाद दिन चाहान्छु । तपाइ हामी रामग्राम नगरपालिकाको दोश्रो स्थानीय व्यवस्थापिकाका पदाधिकारीका रुपमा निर्वाचित भई आएपछिको यो तेस्रो सभा सञ्चालन भइरहेको छ । यस गरीमामय सभामा म रामग्राम नगरपालिकाको स्थानीय सरकार लोकतान्त्रका, आधारभुत मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध रहेको जानकारी गराउँदछु ।

स्थानीय तहको निर्वाचन २०७९ बाट रामग्राम नगरको नगरसभा र कार्यपालिकामा नव निर्वाचित पदाधिकारीहरुको आवागमनले यस नगरको शासकीय व्यवस्थामा परिवर्तन आएको छ र यस परिवर्तनसँगै सबै नगरवासीले परिवर्तनको अनुभूति गर्न सकुन् भन्ने उदेश्यका साथ हामी अहोरात्र क्रियाशिल रहेको छौ ।

नगरको भौगोलिक, सामाजिक आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मासाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्ने र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु गर्ने कुरामा हामी प्रतिवद्ध छौ । "**मालिक होइन, सेवक हौ ।**" भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं।

नेपालको संविधानद्धारा स्थानीय तहलाई प्राप्त अधिकार र कार्यसूचिलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिक स्तरबाट गरीएका अपेक्षालाई सम्बोधन गर्न र समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण रहने विश्वास लिइएको छ ।

**सभाअध्यक्ष महोदय,**

क. हाम्रो कार्यकालको एकवर्षको अवधिमा सम्पादन गरिएका केहि उल्लेखनीय कार्यक्रमको संक्षिप्त चर्चा प्रस्तुत गर्ने अनुमति चाहान्छु । निर्वाचन पश्चात कार्यजिम्मेवारी सम्हाले गगतै डुवानवाट उच्चजोखिममा रहेका नगरवासीलाई सुरक्षित गर्न झरहीखोला लगायत नदी तटवन्ध निर्माण गर्दै नदीकोरिडोरमा ग्रीनवेल्ट विकास गर्ने कार्यलाई निरन्तरता दिएका छौं । हाम्रो कार्यकालमा रामग्राम नगरक्षेत्रका झरही तुरीया लगाएत खोलानदी तटवन्ध र नदीकरिडोर पार्क तथा ग्रीनवेल्ट निर्माणकार्य सम्पन्न गर्ने लक्ष्य नगरको रहेको छ ।

ख. पुर्वाधार विकास तर्फ विश्व वैंकको प्राविधिक सहयोगमा रु ६१ करोड वरावरको पोखरापाली औद्योगिक क्षेत्र हुदै पन्डितपूर घिनाहा जोडने राष्ट्रिय मापदण्डको सडक निर्माणको ठेक्का व्यवस्थापन अन्तिम चरणमा पुगेको र यसै महिनाभित्र ठेक्का व्यवस्थापन हुने तयारीमा छ । यसै गरी सडक विस्तार कार्य मन्झरीया देखी झरही खोला सम्म भइरहेको छ ।

ग. यो एकबर्षको अवधिमा नगरपालिका वडा नं १, २ र ६ वडाकार्यालयहरु आफ्नै भवनमा सारिएको वडा नं ९ को कार्यालय भवन पूर्वाधार निर्माण भएका छन । बाँकि वडाहरुको भवन निर्माण अगामी आ व हरुमा क्रमश हुदैजाने गरी बजेट विनियोजन भएको छ ।

घ. सामाजिक सुरक्षाभत्ता वितरणलाई वडास्तरमा नै वैंकलाई पुर्याएर सेवाग्राहीलाई सहज बनाइएको छ । यस कार्यमा वैंकहरु र वडासचिव वीच नियमीत अन्तरक्रिया गराउदै सेवालाई सुधार गरिएको छ ।

ङ. रामग्राम नगरपालिकाले संचालन गरेका गतिविधी नगरवासी लाई सुसूचित गराउन राग्राम बुलेटिन त्रैमिसिक प्रकाशन गरी सोको आधारमा चौमासिक सर्वजनिक सुनुवाई गरिएको छ ।

च. आर्थिक वर्षको अन्त्यमा हतार हतार योजना सक्ने प्रवृतिको अन्त्य गर्दै कार्त्तिक मसान्त भित्र ठेक्का व्यवस्थापन फाल्गुन मसान्त भित्र सवै योजना संझौता र वहुवर्षिय बाहेक सवै आयोजना जेष्ठ मसान्तभित्र कार्यसम्पन्न हुने गरी क्यालेन्डर कार्यान्वयनमा ल्याइएको छ ।

**आदरणीय अध्यक्ष महोदय**,

अब म गरीमामय नगरसभा समक्ष आ. व.२०८०।८१ को बजेट तर्जुमाका आधारहरु, उद्देश्यहरु प्राथमिकताहरुका बारेमाछोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## नीति कार्यक्रम र बजेट तर्जुमाका आधारहरु

१ नेपालको संविधान,

२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

३ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

५ संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन ,मापदण्डहरु र परिपत्रहरु

६ संघीय सरकार र लुम्विनी प्रदेश सरकारले उदघोष गरेका आ. व २०८० /०८१ नीतिगत प्रथमिकताहरु

७ स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न २०७८,

८ राजस्व परामर्श समितिको निर्णय/प्रतिवेदन,

९श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस,

१० वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफलराजस्व क्षमता र विकास पूर्वाधारको अवस्था ,

११ दिगो विकासका लक्ष्य (२०१६ दखी २०३०)का प्राथमिकताहरु,

१३ सङ्घीय प्रदेश र स्थानीय तहको आवधिक विकास योजना,

१४ राजनीतिक दलका प्रतिनिधीहरु एवं बुद्धिजीविवर्ग नीजि क्षेत्र, सञ्चारकर्मी आदिबाट प्राप्त सुझावहरु ।

## नीति कार्यक्रमको प्रमुख उद्देश्यहरु

१ नगरको विभिन्न क्षेत्रमा हुन सक्ने सम्भावीत बाढिको जोखिम नियन्त्रणका लागि तटबन्ध निर्माण तथा खोला सरसफाई गरी नागरिकको जीवन रक्षा गर्ने । यस्तै गरी अन्य प्रकारका सम्भाव्य विपदहरुको जोखिम न्यूनिकरण गर्दै धनजनको क्षती न्यूनीकरण गर्ने,

२ सुरक्षित,वातावरमैत्री तथा दिगो भौतिक पूर्वाधार विकास गर्ने ।

३ शिक्षा र स्वास्थ्य प्रणालीमा परिणात्मक र गुणात्मक सुधार गर्ने ।

४ कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसायमा सहजीकरण र उपयुक्त लगानी वातावरण सृजना गर्ने

५ सुशासन, समावेशी विकास, दिगो विकास, नगर सरसफाई र हरियाली प्रवर्द्धन गर्ने ।

६ नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र नीजी क्षेत्रसँगको सहकार्य गर्ने

७ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै सेवामा आम नागरिकको पहुँचलाई सहज बनाउने,

८ विभिन्न विषयगत क्षेत्र तथा समावेशी वर्गका क्षेत्रमा सन्तुलित विकासमा जोड दिने । सबै खालका विभेदको अन्त्यका लागि आधार स्तम्भ तयार गर्ने,

९ आर्थिक, सामाजिक, सांस्कृतिक पूर्वाधार क्षेत्रको विकास मार्फत नगरवासीको जीवनस्तरमा सुधार गर्ने,

१० नगरपालिकाको आन्तरिक श्रोत र साधन तथा उपलब्ध हुने बाह्य श्रोतको अधिकतम प्रयोग गरी नगरबासीको हितमा अभिवृद्धि गर्ने ।

## नीति कार्यक्रम र बजेटका प्राथिमकताहरु

१ बाढिजन्य तथा अन्य प्रकोपको जोखिम नियन्त्रण।

२ वातावरणमैत्रीअपाङ्गमैत्री  दिगो पूर्वाधार विकास।

३ शिक्षा क्षेत्रको योजनावद्ध विकासद्धार नतिजामा गुणात्मक सुधार ।

४  स्वास्थ्य,खानेपानी सरसफाई क्षेत्रको विकास गर्दै नगरवासीको स्वास्थ्यमा गुणात्मक सुधार ।

५ कृषि र पशुपालन तर्फ पकेट क्षेत्र विकास गर्दै कृषि व्यवसायीकरण र प्रविधिकरण ।

६ गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम द्धारा स्वरोगारी श्रृजना ।

७ नगरक्षेत्र भित्र धौगिक पूर्वाधार विकास र उद्योग प्रतिस्ठान सँग सहकार्य गर्दै रोजगारी श्रृजना र अर्थिक समृद्धि हासिल ।

८ सेवा प्रभावको गुणस्तरमा अभिवृद्धि गरी सुशासनको बढोत्तरी ।

९ महिला बालबालिका दलित अपाङ्ग  भएका व्यत्ति जेष्ठ नगरिक तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु।

१० स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग गर्ने विषयहरु ।

११ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी ।

१२ नगरवासीको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने विषयहरु

१३ लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयहरु,

१४ दीगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुग्ने विषयहरु,

१५ सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयहरु।

१६ संघीय सरकार, प्रदेश सरकारसँग सह-अस्तित्व, समन्वय र सहकार्यका विषयहरु

**आदरणीय सभा अध्यक्ष ज्यू,**

अब म आर्थीक वर्ष २०८०।८१ को क्षेत्रगत र विषयगत रुपमा लिइएका नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु। रामग्राम नगरपालिको आ. व.२०८०।८१ को नीति तथा कार्यक्रम यस प्रकार रहेको छ।

## १. आर्थिक विकास:-

### <u>क) कृषि तथा पशुसेवा तर्फ:</u>

**पकेट क्षेत्र (अन्न बाली, पशुपालन , तरकारी ) निर्माण गरि दिगो कृषि विकासमा लगानी द्धारा कृषकहरुको जिवनस्तर सुधार गर्दै नगरको अर्थिक विकासमा टेवा पुर्याउने।**

१. संघीय तथा प्रदेश सरकारका कार्यक्रमहरुलाई थप व्यवस्थित बनाई कृषक सूचीकरण गरी तथ्याङ्क अद्यावधिक गर्न आवश्यक रकम बिनियोजन गरिने छ।

२. कृषि प्रविधिलाई ब्यापक रुपमा बिस्तार गर्नका लागि जियो कृषिसँग समन्वय गरि मोबाइल एप र डिजिटल परामर्श सेवा संचालनमा ल्याइने छ।

३. नगरपालिका भित्र पकेट क्षेत्रको पहिचान गरि पकेट क्षेत्र विकास गर्दै लगिने छ। हिउँदे र बशन्ते मकै खेति गर्न कृषकहरुलाई प्रोत्साहन गरिने छ।

४. रासायनिक मलको वितरण पद्धतिलाई व्यवस्थित गर्न मल वितरण पासबुक तयार गरि वडा कार्यालयको सिफारिसमा कृषकहरुलाई बितरण गरिनेछ।

५. नगर क्षेत्रभित्र सिचाई सुविधा बिस्तारका लागि विभिन्न वडाहरु छनौट गरि बोरिङ्ग जडान गरिनेछ।आगामी तीन वर्ष भित्र रामग्राम नगरपालिकालाई पूर्ण सिचाई पुगेको नगर बनाईने छ।

६. कृषकहरुको लागत कम गर्न मागमा आधारित विभिन्न यन्त्र तथा उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यक्रम विस्तार गरिने छ।

७. विभिन्न वालीहरुको क्षती न्यूनीकरण तथा उत्पादन वृद्धिका लागि जैविक तथा रासायनिक विषादीहरु लगायत सुक्ष्म तत्वहरु निःशुल्क वितरण गरिनेछ।

८. नयाँ प्रविधि विस्तार तथा प्रयोगका लागि कृषकहरुलाई तालिम, घुम्ती तालिम, अभिमूखीकरण र अध्ययन तथा अवलोकन भ्रमणका माध्यमबाट प्रविधि ग्रहण र प्रयोगमा जोड दिइनेछ।

९. कृषकहरुलाई बिउमा सहुलियत प्रदान गर्न लागि ५० प्रतिशत अनुदानमा प्रमुख अन्नवालीका बीउ वितरण गर्ने कार्यलाई विस्तार गरिने छ।

१०. व्यसायिक तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहन धानको बालीका लागि जिंक बितरण कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

११. आ.व. ०७९/०८० मा स्थापना भएका तरकारी र गहुँ पकेट कार्यक्रमलाई निरन्तरता दिइने छ।

१२. संघीय सरकारको नीति तथा कार्यक्रम बमोजिम धान उत्पादन प्रवर्द्धन,उन्नत बीउ बितरकलाई प्रोत्साहन तथा खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान दिइनेछ।

१३. कृषकहरुको सेवाटेवा लाई सहज बनाउन र प्राविधिक सेवालाई बिस्तार गर्न कृषि प्राविधिकहरुको सेवा व्यवस्था गरिने छ।

१४. रामग्राम नगरपालिकाको कृषि रणनीति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

१५. **"पशु स्वास्थ्यमा नगरपालिकाको टेवा ! खोर गोठमा प्राविधिक सेवा"** भन्ने नाराका साथ

विभिन्न रोग नियन्त्रणका लागि निशुल्क पशु खोप, कृत्रिम गर्भाधान सेवा, निशुल्क पशु स्वास्थ्य शिविर, पशुपन्छीको उपचार, परजिवी नियन्त्रण सेवा जस्ता कार्यक्रमहरु अगाडी बढाइने छ।

१६. **"घाँसमा आधारित पशुपालन कम लागतमा पशुजन्य उत्पादन"** भन्ने नाराका साथ नगरका पशुपालक कृषकहरुलाई विभिन्न जातका घासँको बिउ अनुदानमा वितरणको व्यवस्था मिलाइनेछ।

१७. प्रविधिमा आधारित व्यावसायीक पशुपन्छी तथा मत्स्य पालन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ। दुध, माछामासुमा नगरलाई आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ।

१८. स्वस्थ एवं गुणस्तरिय पशुजन्य उत्पादन र सुरक्षित बजारिकरणका लागि प्रभावकारी अनुगमन, जनचेतनामुलक कार्यक्रमको व्यवस्था मिलाइनेछ। पशु हाटबजार व्यवस्थापन, माछा मासु तथा डेरी पसल सुधार जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१९. प्राकृतिक जलासय तथा सार्वजनिक पोखरीहरुको संरक्षण, मर्मतसंभार गर्दै कृषकलाई माछा पालन तर्फ अग्रसर बनाइनेछ। सार्वजनिक सामुदायिक तथा निजी पोखरी विकास र सञ्चालनलाई पर्यापर्यटन नगर सौन्दरीकरण तथा स्थानीय रोरगारीसँग आवद्ध गर्ने नीति लिईने छ।

२०. व्यावसायिक पशुपालन सामुहिक पशुपालन प्रवर्धन गर्दै नगरवासी पशुपालक कृषकहरुलाई आर्थिक रुपले सवल बनाउने नीति लिईने छ। यसका लागि पशु विज्ञ केन्द्र लगायत अन्य निकायसँग साझेदारी गर्दै कृषकहरुलाई प्रविधिमा ५० प्रतिशत अनुदान कार्यक्रम विस्तार गरिने छ।

**<u>ख) सहकारी :</u>**

**रामग्राम नगरपालिकाको कृषि उपजलाई कृषि सहकारी / सहकारी संस्था संग सहकार्य गरि बजारीकरण गरिने छ।**

२१. उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्द्धन गरीनेछ। नगर क्षेत्रमा क्रियासिल सहकारीमध्ये उत्कृष्ट सहकारी तथा महिला सहकारी संस्थाहरुलाई सम्मान र प्रोत्साहन गरीनेछ।

२२. नगरभित्रका कृषकहरुलाई सहज रुपमा मल वितरण गर्ने उद्देश्यले स्थानीय सहकारीहरुलाई मल भण्डारण, क्षमता अभिवृद्धि गर्नका लागि विशेष अनुदानको व्यवस्था गरीनेछ।

२३. सहकारी संस्थाहरुको सुदृढिकरण विकास र प्रवर्धनको लागि नियमित अनुमगन नियमन र निरिक्षणको व्यवस्था मिलाइनेछ। नगर भित्रका सहकारीहरुसँग सम्बन्धित अभिलेख अद्यावधिक गरिनेछ।

२४. विभिन्न सहकारी संस्थाहरुबिच आपसी समन्वय र सहकार्य पद्धतिको विकास गर्न नगर स्तरीय सहकारी संजाल गठन गरीनेछ।

२५. भूमिहीन दलित भूमहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासलाई भूमी समस्या समाधान आयोगसँग गरीएको सम्झौता बमोजिम लगत संकलन कार्य सम्पन्न गरी भूमी सम्बन्धी समस्यालाई समाधान गर्न पहल गरीनेछ।

**<u>ग) उद्योग, वाणिज्य :</u>**

२६. नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनका लागि एकिकृत नीति तर्जुमा गरी उद्योगहरुलाई व्यवस्थित गरीनेछ। नगर भित्रका सम्पूर्ण उद्योग व्यवसायहरुको व्यवस्थित अभिलेखलाई प्रविधिमैत्री बनाइनेछ।

२७. उद्योगी र श्रमिक बीचको सम्बन्धलाई सुमधुर बनाई औद्योगिक वातारण कायम गर्ने नीति लिइनेछ।

२८. बजार अनुगमन कार्यलाई थप प्रभाकारी बनाई उपभोक्ता हितको प्रवर्द्धन गरीनेछ। व्यापारीक फर्म,

पसलको दर्ता, अनुमति नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाइनेछ । उपभोक्ताको अधिकार संरक्षणको लागि उपभोक्ता सचेतना अभिवृद्धि, स्थानिय वस्तु तथा सेवाको गुणस्तर परिक्षण, वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मुल्य, गुणस्तर मापन, नियमित रुपमा बजार अनुगमन कार्यमा वडा कार्यालयलाई समेत परिचालन गरी बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ

२९. परम्परागत तथा व्यवसायिक सीपमूलक घरेलु उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गरीनेछ। व्यवसायीक आचार संहिताको विपरित हुने गरी खाधय वस्तु किराना, कपडा, पुस्तक र हरियो तरकारी बेच्ने पसलबाट मदिरा, सुर्तिजन्य पदार्थ, विषादी, किटनासक औषधी जस्ता वस्तु तथा सामान एउटै पसलबाट बेचबिखन गर्न नपाउने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

३०. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न सीपमूलक तालिमहरु सञ्चालन गरीनेछ।

३१. नगर क्षेत्र भित्र रहेका उद्योगमा स्थानीय जनशक्तिलाई रोजगारीको अवस्था सुनिश्चित गर्न पहल गरिने छ।

३२. उद्योगी व्यवसायीलाई व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गर्न प्रोत्साहान गर्दै नगरपालिकाको समग्र विकासमा प्रेरित गरीनेछ।

३३. रामग्राम नगरपालिकाको उपयुक्त स्थानमा उद्योग ग्राम स्थापना गर्ने प्रकियाको सुरुवात गरीनेछ।

**घ) श्रम रोजगार तथा गरिबी निवारण:**

३४. गरीब घर परिवारको पहिचान गर्ने मापदण्डको आधारमा चालु आर्थिक वर्षमा पहिचान भएका नगरभित्रका सम्पूर्ण गरीब घर परिवारलाई आगामी वर्षमा गरिब घरपरिवारको परिचय पत्र वितरण गर्न सम्वन्धित निकायसँग सहकार्य गरिने छ।

३५. महिला उद्यमीहरुका लागि उद्यम व्यवसाय सञ्चालन गर्न सहजीकरण गरीनुका साथै उद्यमी महिलाहरुको क्षमता विकास तर्फ विशेष पहल गरिनेछ।

३६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थलगत योजना छनौट गरी नगर भित्रका बेरोजगार नागरीकहरुलाई रोजगारीको अवसर सृजना गरीनेछ । बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत १०० दिनको रोजगारीको सुनिश्चितता गर्न सम्वन्धित निकायसंग सहकार्य गरिनेछ।

३७. वैदेशिक रोजगारीलाई सुरक्षित वनाउन पहल गरीनेछ। वैदेशिक रोजगारमा जानै परेमा उपयुक्त सीप विकास सम्बन्धी तालिम लिई जान प्रोत्साहन गर्न सुरक्षित आप्रवासनका कार्यक्रम मार्फत कार्यक्रम सञ्चालन गरीनेछ।

३८. नगर क्षेत्रभित्रका दैनिक, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घरपरीवारलाई रोजगारीका लागि स्थानीयस्तरमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुमा काम गर्ने अवसर प्रदान गर्न सम्बद्ध निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुसँग समन्वय गरीनेछ।

३९. रोजगार सेवा केन्द्र वाट प्रवाह हुने सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने नीति लिईने छ।

**ङ) राजश्व परिचालन:**

४०. करदातालाई कर तिर्न प्रोत्साहन गर्न निश्चित समयसम्म आवश्यक छुट तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरीनेछ।

४१. राजस्व सङ्कलन सम्बन्धी कार्यमा निजिक्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदै लगिनेछ।

४२. नगरको स्वामित्व वा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गरेका र गर्नुपर्ने भवन, जग्गा, जमिन, हाटबजार, पोखरी तथा अन्य भौतिक सम्पत्तीको अभिलेख अद्यावधिक गरी राजस्व आम्दानी गर्ने माध्यमको रुपमा परीचालन गरीनेछ । यस्ता श्रोतको परीचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्बन गरीनेछ।

४३. कृषिजन्य व्यवसायमा कर सहुलियत प्रदान गरीनेछ। भूमिकरमा दिइदै आएको ८० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ।

४४. संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पूर्ण मितव्ययीता वनाई नगरवासीको उच्चतम हितमा प्रयोग गरीनेछ।

४५. **"मैले तिर्ने कर मैरै नगर विकासका लागि"** भन्ने नारालाई करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन कर शिक्षा अभियान संचालन गरिनेछ।

## २. सामाजिक विकास:-

**रामग्राम नगरपालिकाको एउटै ईच्छा ; वालवालिकालाई सीपमुलक र गुणस्तरीय शिक्षा !!**

### क) शिक्षा:

४६. सामुदायिक विद्यालयमा सवै टिनका छाना मुनि सिलिङ वोर्ड लगाई चीसो र गर्मि समयमा कक्षाकोठा पठनपाठन गर्न उपयुक्त वनाईने छ।

४७. संस्थागत विद्यालयलाई नमुना विद्यालयमा रुपान्तरण हुन प्रोत्साहन गरीनेछ।

४८. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि आवश्यकतामा आधारित अनुदान दिई विद्यालयको मर्मत सम्भार कार्य गरिनेछ। साथै सबै विद्यालयमा एउटै Color Code प्रयोग गर्ने कार्यक्रमलाई कार्यान्वयनमा गर्दै लगिने छ।

४९. दरबन्दी न्यून भएका सामुदायिक विद्यालयमा नगरपालिकाको अनुदान अवृद्धि गरि थप शिक्षक कोटा सहयोगलाई निरन्तरता दिइनेछ।

५०. विद्यालय निरीक्षण र अनुगमन कार्यलाई नियमित र व्यवस्थित गरी शैक्षिक गुणस्तर अभिवृद्धिसँग आवद्ध गरीनेछ।

५१. विद्यालयका शिक्षक, कर्मचारीहरु वि. व्य. स. का पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीलाई विभिन्न तालिमहरु मार्फत क्षमता अभिवृद्धि गरीनेछ।

५२. सबै बालविकास केन्द्रमा न्युनतम मापदण्ड पुरा गर्नुपर्ने नीति लिइनेछ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको क्षमता अभिवृद्धि गरीनेछ। बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरु, विद्यालयका कर्मचारीहरुको मनोवललाई उच्च राख्ने नीति अनुरुप संघिय सरकारबाट तोकिए बमोजिमको पारिश्रमिकमा नपुग रकम नगरपालिकाको स्रोतबाट थप गरी उपलब्ध गराइनेछ।

५३. सामुदायिक विद्यालयहरुमा सञ्चालन हुने विभिन्न तहका त्रैमासिक परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने न्युनतम खर्चको अनुमान गरी विद्यालयहरुलाई आर्थिक अनुदानको रुपमा उपलब्ध गराइनेछ।

५४. विधार्थीको कक्षामा उपस्थिती वढोत्तरी, विद्यालय प्रति अभिभावकको भूमिकामा बढोत्तरी

विधार्थीलाई आवश्यक पर्ने शैक्षिक तथा मसलन्द सामाग्रीको व्यवस्थापनमा सहयोग पुर्याउने उद्देश्यले बालविकास देखि कक्षा ५ सम्मका विधार्थीहरुलाई विद्यालयमा उपस्थित भएको दिन अनुसार प्रतिदिन रु.१० का दरले नगदै रुपमा "मेयर छात्रवृत्ती कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

५५. चालु वर्षमा तयार गरिएको आधारभुत तहको हाम्रो रामग्राम नामक स्थानीय पाठ्यक्रम बमोजिम स्थानीय विषयको पाठ्यपुस्तक तयार गरी अध्यापन गराइने छ ।

५६. सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन सुधार गरी यसको सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

५७. संस्थागत विद्यालयहरुमा सिकाइका न्यूनतम पूर्वाधार पूरा गर्न अनिवार्य गरीनेछ ।

५८. नगरपालिका भित्र रहेको एक मात्र प्राविधिकधार सञ्चालन भएको जनता मा वि डैनहवाको प्राविधिक धार तर्फको शिक्षाको विस्तार र व्यवस्थापनमा आवश्यक सहयोग गरीनेछ । त्यस्तै गरी आदर्श मा. वि. परासीमा रहेको दृष्टिविहिन तर्फको श्रोत कक्षाको व्यवस्थापनका साथै विद्यार्थिहरुलाई क्षमता विकासमा टेवा पुग्ने कार्यक्रम लागु गरीनेछ।

५९. संघीय सरकारको आर्थिक अनुदानमा सञ्चालन हुने विभिन्नका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । सामुदायिक विद्यालयका सबै छात्राहरुलाई आवश्यकता अनुसार निशुल्क सेनेटरी प्याड वितरणलाई प्रभावकारी वनाईने छ । छात्राहरुलाई सेनेटरी प्याडको प्रयोग र विसर्जनमा सहयोग पुर्याउन कक्षा ६ देखि माथिका विद्यालयमा चेन्जिङ्ग रुम निर्माण गरी विसर्जनको उपयुक्त व्यवस्था मिलाइनेछ ।

६०. आगामी आ.व. भित्र नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न रणनैतिक योजना तयार गरीनेछ । वार्षिक शैक्षिक क्यालेन्डरलाई कार्यान्वयनमा ल्याई शैक्षिक क्रियाकलापमा एकरुपता ल्याइनेछ ।

६१. हरित विद्यालय कार्यक्रम को कार्यान्वयनका लागि प्रत्येक विद्यालयमा चालु वर्षमा बनाइएका फुलवारीको विस्तार र संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

६२. शिक्षा क्षेत्रमा सुशासन, विद्यालयको सवलीकरण, भौतिक पूर्वाधारमा सुधार, समुदायको अपनत्व, सघन र नियमित अनुगमन, जस्ता समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरु शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा संचालन गरिनेछ ।

६३. आवश्यकताका अधारमा १ वडा १ सामुदायिक विद्यालयको स्थापना गर्दै लगिने नीति अवलम्बन गरीनेछ ।

६४. सामुदायिक विद्यालय नभएका वडाहरुमा पूर्व प्राथमिक / बालबिकास कक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**ख) यूवा तथा खेलकुद:**

६५. रामग्रामको विकास सुशासन र सामाजिक सुरक्षामा यूवा जनशक्तिको भूमिकालाई सम्मान र विस्तार गर्दै यूवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गरीनेछ । यूवा उद्यमशिलताको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरीनेछ।

६६. सामुदायिक विद्यालयहरुमा खेलकुदका विभिन्न विद्यामा प्रशिक्षक व्यवस्था गरी वालवालिकालाई नियमित प्रशिक्षण दिने व्यवस्था मिलाईने छ ।

६७. टोल टोलमा यूवा क्लबहरुको गठन गर्न प्रोत्साहन गरीनेछ । खेल सामग्रीहरुको व्यवस्था र वितरण गरी खेलकुदलाई व्यवस्थीत गरीनेछ ।

६८. राष्ट्रपति रनिङ्ग शिल्ड, विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, ब्याडमिन्टन , फुटबल प्रतियोगिता

भलिबल प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गरी रामग्रामको पहिचानयुक्त खेलाडीको विकास गरीनेछ।

६९. यूवाहरुलाई लागु पदार्थ दुर्व्यसनबाट जोगाउनका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुको साथै दुर्व्यसनमा फसेकालाई पहिचान गरि सिपमुलक आयमुलक कार्यक्रम सञ्चालन गरीनेछ।

७०. विभिन् संघ संस्थाहरु समेतको सहकार्यमा बेरोजगार यूवाहरुलाई लक्षित गरी रोजगारमूलक बनाउन **"मेयर यूवा इलम कार्यक्रम"** मार्फत विभिन्न सिपमुलक तालिम सञ्चालन गरीनेछ।

७१. सामुदायिक तथा निजी संघसंस्थाहरुको सहकार्यमा नगरस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ। नगरस्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ। खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने तथा उत्कृष्ट खेल, कौशल प्रदर्शन गर्ने युवाहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

७२. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ।

**ग) स्वास्थ्य :**

७३. सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु लाई प्रभावकारी बनाउदै स्वास्थ्यसेवाको सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ।

७४. अति विपन्न, समुदायका गर्भवती, प्रसुती तथा सुत्केरी अवस्थामा जटिल समस्या भएका महिलाहरुको प्रेषण ब्यवस्थापन गर्न आर्थिक कठिनाई पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने उद्देश्यले प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा आकष्मिक चक्रकोष स्थापना र सञ्चालन गरिनेछ।

७५. स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाउदै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरूको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ।

७६. आधारभुत स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको जिम्मेवारीलाई सुदृण तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।

७७. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, मुल्याङ्कन, सुपरिवेक्षण तथा नियमन गर्ने व्यवस्था मिलाई संचालन अनुमती प्रदान गरीनेछ।

७८. स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापन प्रणालीलाई थप ब्यवस्थित गर्न स्वास्थ्य संस्थाहरु वाटै विध्दुतिय माध्यमबाट प्रतिवेदन गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेखाजोखा (Routing Data Quality Assessment- RDQA) र नियमित समिक्षा कार्यलाइ थप ब्यवस्थित बनाइने छ।

७९. नगर क्षेत्र भित्रका पूर्ण अपाङगता भएका व्यत्ति , विपन्न नागरिकहरुलाई स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

८०. नगर क्षेत्र भित्र स्वास्थ्य प्रयोगशाला सेवा संचालन भएको स्वास्थ्य संस्थाहरूबाट विपन्न वर्गका नागरिकहरूलाई निःशुल्क आधारभुत स्वास्थ्य प्रयोगशाला परिक्षणको व्यवस्था गरिनेछ।

८१. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवजातशिशु स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई नगर भित्र निःशुल्क एम्बुलेन्स तथा रक्त संचार कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

८२. जेष्ठ नागरिक सँग मेयर कार्यक्रम, गर्भवती तथा सुत्केरी महिलाहरूलाई तयारी उपमेयर पोष्टिक आहार तथा क्याल्सियम चक्की वितरण कार्यक्रमलाई विस्तार गरिनेछ ।

८३. कोभिड १९ तथा नियमित खोपको भ्याक्सिनको आपूर्ती तथा भण्डारणको लागि पालिका तथा स्वास्थ्य संस्था स्तरमा कोल्ड चेन व्यवस्थापनको लागि आवश्यक उपकरण तथा समाग्रीहरूको व्यवस्थापन गरिनेछ ।

८४. स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने आधारभुत सेवाहरू थप समुदाय स्तरमा विस्तारको लागि गाँउघर तथा खोप क्लिनिक भवन निर्माण तथा उपकरण, औजारहरू व्यवस्थापन गरिनेछ ।

८५. महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन उचित प्रोत्साहानको ब्यवस्था गरिने छ ।

८६. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मृगौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।

८७. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन नेपाल सरकार लुम्विनी प्रदेश सरकार लगायत सम्वन्धित क्षेत्रका निजी एवम गैरसरकारी संघ संस्थाहरु सँग सहकार्य गरिने छ ।

८८. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दूर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्धनातात्मक क्रियाकलापहरू गरिने छ ।

८९. नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य जनशक्तिको क्षमता अभिबृद्धी, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान, स्वास्थ्य उपकरण र स्वास्थ्य संस्थाहरूमा पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

९०. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अबलम्बन गरिने छ ।

९१. नगरपालिकाका महिला र सुनौला १००० दिनका आमाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम लाई निरन्तरता दिइने छ ।

**घ) महिला बालबालिका तथा जेष्ठ नागरिक:**

९२. महिलाहरुलाई आत्मनिर्भर गराउन उनीहरुको परीवेश अनुकुल महिला उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत क्षमता विकासका साथै सीप र प्रविधिको हस्तान्तरण गरी स्वरोजगार वनाउने नीति लिइनेछ ।

९३. फरक क्षमता भएका नागरिकलाई विकासको मुलधारमा समाहित गर्न लक्षित वर्ग अनुकुल विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ ।

९४. आश्रय आवश्यक पर्ने हिंसा पिडित महिलाहरुलाई अल्पकालिन सेवा केन्द्रमा राखी मनोपरामर्श सेवा प्रदान गरीनेछ।

९५. **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मूल्य मान्यतालाई आत्मासाथ गर्दै बालमैत्री स्थानीय

९६. शासन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । बालमैत्री नगर घोषणा पछीको दिगोपना

रणनीतिलाई कार्यान्वयन गरीनेछ।

९७. बालबालिकाहरु र जनप्रतिनिधि बिच अन्तरक्रियात्मक कार्य गरी बाल प्रोत्साहनका लागि **"बालबालिकाहरुसँग मेयर कार्यक्रम"** सञ्चालन गरीनेछ।

९८. कोभिड १९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुलाई लक्षित गरी विशेष राहत कार्यक्रम मार्फत शिक्षामा सहज पहूँच सुनिश्चित गरीनेछ।

९९. जेष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन नगरस्तरमा जेष्ठ नागरिक सत्सङ्ग केन्द्र सञ्चालनमा ल्याइनुका साथै वडाहरुमा जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरीनेछ।

१००. समाजका अग्रज, सम्मानित जेष्ठ नागरिकहरुको भुमिका र योगदानलाई उच्च महत्व दिइनेछ। जेष्ठ नागरिकहरुलाई सम्मान गरीनेछ। मौषम र उमेर अनुकुलका राहत सामग्रीसहित जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ।

१०१. नगरबाट प्रदान गरिने सेवाहरुमा असहाय, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी र अशक्तहरुलाई सेवामा अग्राधिकार दिइनेछ।

**ङ. सामाजिक सदभाव, सांस्कृतिक सम्वर्धन :**

१०२. नगरक्षेत्र भित्र रहेका रामग्राम स्तुप, पण्डितपुर जस्ता ऐतिहासिक महत्वका स्थानहरुलाई जीवन्त राख्नका लागि त्यस्ता स्थानहरुको संरक्षण र सम्बर्द्धन गरीनेछ।

१०३. नगरपालिका क्षेत्रभित्र रहेका दाइजो, तिलक, बालविवाह, छुवाछुत जस्ता सामाजिक कुरीती, कुप्रथा अन्त्य गर्न सचेतनामुलक कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०४. स्थानीय कला सांस्कृतिको प्रवर्धन गर्नको लागि स्थानीय मेला महोत्सव चाडपर्वहरुलाई परिस्कृत रुपमा मनाउन प्रोत्साहन गर्दै आवश्यक सहयोग समेत गरीनेछ।

१०५. नगर भित्रका उत्कृष्ट कलाकारहरुलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने, नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रतिभा पहिचान कार्यक्रम मार्फत कला, साहित्य र सृजनाको संरक्षण र सम्वर्धन गरीनेछ।

**च) सङ्घ संस्था सहकार्य :**

१०६. नगरपालिकावाट प्रवाह हुने सेवालाई विस्तार गर्न सामुदायिक तथा नगरपालिका भित्र कृयाशील गैर सरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन गर्नुको साथै आवश्यक सहजिकरण समेत गरीनेछ।

१०७. नगरको परिचयलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पुर्याउन विभिन्न किसिमका सम्बन्ध कायम गर्दै गैरसहकारी संघसंस्थासँगको सहकार्यलाई प्रभावकारी वनाइने छ।

**छ) पर्यटन:**

१०८. नगर भित्र रहेका महत्पूर्ण पार्कहरुको सुधार तथा नयाँ पार्कहरुको निर्माण गर्दै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पौराणिक महत्व रहेका स्थलहरुको संरक्षण र विकास गरिनेछ।

१०९. पर्यटकीय स्थलका रुपमा पहिचान भएको रामग्राम स्तुपको सौन्दर्यकरण गरिनुका साथै, पण्डितपुरमा शान्ति कोलिय पार्क निर्माण गर्ने कार्यको प्रारम्भ गरीनेछ।

११०. नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगीनी सम्बन्ध कायम गर्ने नीतिलाई

निरन्तरता दिइनेछ। यसरी भातृ तथा भगिनी सम्बन्ध कायम गर्दा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ।

**ज) पञ्जीकरण/सामाजिक सुरक्षा:**

१११. जेष्ठ नागरीक, एकल महिला तथा अपाङ्गता भएका व्यक्ति लगायत विशेष संरक्षण आवश्यक भएका नागरिकको संरक्षण गर्ने नीति अवलम्बन गरीनेछ । यसका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

११२. सामाजिक सुरक्षाभत्ता वितरण कार्यलाई बैंक मार्फत वडास्तरमा पुर्याईएको छ। असत्त लाभग्राहीलाई घरदैलो सम्म विस्तार गरिएको यो सेवालाई निरन्तरता दिइने छ ।

११३. सबै प्रकारका घटना दर्तालाई सूचकले अनलाइनबाट दर्ता गरी प्राप्त टोकनको आधारमा सहज रुपमा सेवा लिन सक्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

## ३. पूर्वाधार विकास

११४. **नगरसमृद्धिको आधार ; विकसित र सुरक्षित पूर्वाधार** भन्ने नाराका साथ नगर सुरक्षालाई ध्यान दिदै सडक बत्ती, सि.सि. क्यामरा, ट्राफिक संकेत तथा ट्राफिक बिट व्यवस्थापन गर्ने नीति लिईनेछ र सो सम्वन्धी कार्यक्रमहरु नपाल सरकार प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गरी सञ्चालन गरिनेछ।

११५. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता र वातावरणमैत्री बनाईनेछ |

११६. नगर गौरवका सडक, आर्थिक केन्द्र जोड्ने सडकलाई बाह्रै महिना संचालनमा ल्याउने गरी स्तारोन्नतीको कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ |

११७. भवन मापदण्ड अनुरुप घर निर्माण कार्यलाई व्यवस्थित गर्न नक्शा पास कार्यलाई थप व्यवस्थित गरिनेछ |

११८. रामग्राम नगरपालिकाका मुख्य सहरी क्षेत्रमा सडक कालोपत्रे, नाली तथा ढल निकास, फुटपाथ र ग्रिनवेल्ट निर्माण गर्दै लगिनेछ।

११९. नगर भित्रका अन्य सडकहरूलाई क्रमशः ढल निकास सहित स्तरोन्नती गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाईने छ र सडक नपुगेका स्थानहरुमा मात्र नयाँ ट्र्याक खोलिने छ।

१२०. पानीको स्रोत संरक्षण तथा सिंचाईलाई मध्यनजर गरी एक वडा एक पोखरी को अवधारणालाई अगाडि बढाईने छ।

१२१. खानेपानीका सम्भाव्य श्रोतहरुको पहिचान गरी श्रोत संरक्षण श्रोत दर्ता जस्ता कार्यलाई व्यवस्थित गरिने छ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन:

१२२. नगरका वासीलाई स्वस्छ र सफा पानी पिउने व्यवस्था गरिनेछ |

१२३. नगरपालिका भित्रका सबै खोला / नदीहरुको दाँया वायाँ नदीकोरीडोर निर्माणगरी हरियाली पार्क विकास गर्ने नीति लिईने छ । तुरीया खोलाको किनारलाई कोरीडोर सडक तथा तटवन्ध वनाई डुवान/कटान नियन्त्रण गर्ने र कोरीडोर हरियाली पार्क निर्माणलाई निरन्तरता दिदै आ.व.

२०८०/०८१ भित्र सम्पन्न गरिने छ। झरही खोलाको किनारलाई " कोरिडर एबम ग्रीन बेल्ट " को रुपमा बिकाश गरिनेछ

१२४. नगरवासीलाई महामारी आगजनी डुवान जस्ता प्रकोपको जोखीमबाट वचाउन विपद जोखीम हस्तान्तरण (विमा) कार्यविधी र राहत सम्बन्धी मापदण्ड जारी गरि कार्यान्वयनमा ल्याइने छ।

१२५. नगर क्षेत्र भित्र प्लास्टिक झोलाको प्रयोगलाई न्यूनीकरण गरि बैकल्पिक झोलाको उत्पादन तथा प्र योगलाई प्रोत्साहित गरिनेछ|

१२६. गल्ने र नगल्ने फोहोर अलग गरेर फोहोर व्यवस्थापन गर्ने कार्यलाई अभियान कै रुपमा संचालन गरिने छ| शहरी क्षेत्रमा कौसी फुलबारी र कौसी खेति कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ|

१२७. नगरक्षेत्रभित्र संचालित उद्योग कलकारखानामा वातावरण प्रदुषण नियन्त्रण मापदण्डको पालना गर्न नियमित अनुगमन गरिने छ व्यवस्थित पार्किंग गर्ने , प्लास्टिक जलाएर प्रदुषण गर्ने , नगरमा अव्यवस्थित बिज्ञापन सामग्री राख्ने, फुटपाथमा पसल तथा निर्माण सामग्री राख्ने , सतह ढलमा शौचालयको ढल मिसाउने, लगायत गतिबिधि निरुसाहित गरिनेछ|

१२८. नगर आपतकालिन कार्यसञ्चालन केन्द्रको स्थापना गरि कार्यन्वयनमा ल्याइनेछ|

१२९. नगरपालिकाका नियमित विकास कार्यक्रम एबम योजना तयारी वा डिजाइन गर्दा जोखिम संवेदनसिल मापदण्ड लागू गरिने छ।

**५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फः**

१३०. न्यायिक समितिका फैसलाहरुको कार्यान्यिन र सोको अनुगमन गरिने छ। गरिब तथा असहाय व्यक्तिहरुको न्यायमा सहज पहुँच पुर्याउन निःशुल्क कानुनी परामर्श तथा सहयोगको व्यवस्था गरिने छ। मेलमिलापको नीतिलाई प्रोत्साहन गरी अनावश्यक मुद्दा मामिलाहरुलाई निरुत्साहित गरिने छ। न्यायमा स्थानीय जनताको पहुँचलाई सुनिश्चित गरी छिटो छरितोपना ल्याइने छ। स्थानीय तहबाट उपलब्ध गराइने न्याय सेवामा जनताको सहज पहुँचको व्यवस्था मिलाइने र हिंशा पिडित महिला, अपांगता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई सहजीकरण गर्न नगरपालिकामा हेल्पडेस्क राखी सेवा दिने व्यवस्था मिलाइने छ।

१३१. जनताप्रति जिम्मेवार, जवाफदेही र पारदर्शी स्थानीय सरकार संचालनमा प्रतिबद्ध रही कार्य संचालन गरिने र कानुनको शासन र सुशासनलाई बढावा दिइने छ। भ्रष्टाचारमुक्त नगर निर्माणको पहल गरी नैतिक आचरण र सच्चरित्रतालाई आत्मसात गरिने छ।

१३२. सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन नदिई उचित उपयोग गरिने छ। पारदर्शिता, नैतिकता र निर्णयमा सहभागिता, जनसहभागिता, योजनाबद्ध कार्यप्रणाली जस्ता सुशासनका अन्तरवस्तुहरुलाई आत्मसात गर्दै सर्वसाधारण जनताले अनुभूति गर्ने गरी व्यवहारमा कार्यन्वयन गरिने छ।

१३३. जनतालाई छिटोछरितो सेवा दिनका लागि विधुतीय शासन प्रणाली लागु गरिने छ साथै नगरपालिकाद्धारा सम्पादन हुने कार्यहरुलाई आधुनिक प्रविधिको प्रयोग गरी कागजको प्रयोग घटाउदै लगिने छ। नगरका उपयुक्त स्थानमा सूचना प्रविधि केन्द्र स्थापना गर्न पहल गरिने एवंम विद्युतीय सुशासनलाई प्रभावकारी बनाइने छ।

१३४. विद्युतीय माध्यम मार्फत् विभिन्न सेवा प्राप्त गर्ने सेवाग्राहीहरुलाई समेत सेवा प्रयोगमा सहजीकरण गरी यस पद्धतिमा जोडिने छ।

१३५. सदाचार प्रवद्र्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्न भ्रष्टाचारमा शून्य सहनशीलताको

नीति अवलम्बन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानूनको दायरामा ल्याउन सम्बन्धित निकायसँग साझेदारी गरिने छ।

१३६. कार्यसम्पादनमा दण्ड–पुरस्कार प्रणाली अवलम्बन गरी राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । त्यसका लागि लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग लागत साझेदारी गरी कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१३७. नगरपालिकाका विषयगत समितिहरुलाई थप उत्तरदायी, क्रियाशील र परिमाणमुखी बनाइनेछ।

१३८. पूँजीगत खर्चको गुणस्तर बढाउन ''कार्तिक मसान्तभित्र ठेक्का : जेठ मसान्त भित्र भुक्तानी'' को नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ।

१३९. योजनामा लागत साझेदारीलाई निरन्तरता दिदै सीमान्तकृत र पिछडिएको वर्ग, समुदाय एवम् भौगोलिक क्षेत्रमा विशेष सम्बोधन गरिनेछ। लागत साझेदारीका कामहरु गुणस्तरमा विशेष ख्याल राखी उपभोक्ता समिति मार्फत कार्यगर्न प्रोत्साहान गरिनेछ । विकास आयोजनाहरु तोकिएको परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न हुनेगरी संयन्त्र निर्माण गराइनेछ। भौतिक पूर्वाधारको गुणस्तरको मापन गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ।

१४०. जनताको सु–सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्दैं सुशासन प्रवर्द्धन गर्न कार्यालयबाट सम्पादित कार्यहरुको सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधि, रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४१. नगरपालिकाका गतिविधि समेटिएको रामग्राम बुलेटिन त्रैमासिक प्रकासन गरि सो का अधारमा सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारी वनाईने छ । स्थानीय तथा राष्ट्रिय स्तरको टेलिभिजन मार्फत् नगरपालिकाबाट भैरहेका सेवा प्रवाह तथा विकासको गतिविधिको बारेमा कार्यक्रम प्रसारण गरिनेछ।

१४२. सबै वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य, संस्थालगायतका नगरपालिका मातहतका कार्यालयलाई सूचना प्रविधिमैत्री बनाउन नगरपालिकाको आफ्नै अप्टिकल फाईबर संजाल बिस्तार गरिनेछ । नगरकार्यपालिका कार्यालयभित्र सूचना केन्द्र स्थापना गरिने तथा नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा, प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र संचार माध्यमहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४३. सेवा प्रवाह मापदण्ड कार्यन्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाइनेछ। शाखागत रुपमा कार्यजिम्मेवारी (TOR) तयार गरी कार्यसम्पादन सम्झौता गरीने एवंम पदीय कार्यसम्पादनलाई नतिजामा आधारीत वनाईने छ।

१४४. डिजिटल नेपाल फ्रेमवर्कलाई स्थानीयकरण गरी कार्यान्वयनमा ल्याइनेछ।

१४५. एकिकृत कार्यालय व्यवस्थापन प्रणाली स्थापना गरी सेवाग्राहीको काम स्वचालित रुपमा कार्यान्वयनमा ल्याउनका लागि सूचना प्रविधि विभागसँग समन्वय गरि प्रयोगमा ल्याइनेछ । रामग्राम नगरपालिकाको मोबाइल एप्सलाई थप प्रभावकारी बनाई सेवाग्राहीले घरमै बसी नगरपालिकाको सिफारिस तथा अन्य सेवाहरु लिन सक्ने व्यवस्था मिलाइनेछ।

१४६. महत्वपूर्ण स्थानहरुमा फ्रि वाईफाई व्यवस्था गरिनेछ।

१४७. प्रविधिमा आधारित सहरी सुरक्षा प्रणाली जडान गरी प्रयोगमा ल्याउन नेपाल प्रहरीसँग सहहकार्य गरिनेछ।

१४८. नगरपालिकालाई पोलिथिनमुक्त गर्नुका साथै वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री नगरपालिका बनाउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

१४९. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन टोल विकास संस्थालाई थप क्रियासिल बनाइनेछ।

१५०. सामुदायिक विकासका कार्यक्रम गर्दा टोल विकास तथा सामुदायिक संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरीनेछ।

१५१. सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रीत पूर्वाधार विकास, संस्थागत विकास, आयमुलक एवं सीपमुलक कार्यक्रम तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

**६. आर्थिक प्रशासन/लेखा परिक्षण:**

१५२. नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रभावकारी कार्यान्वयन गरी बजेट तर्जुमा, खर्चको लेखांकन र एकिकृत प्रतिवेदन तयार गर्ने जस्ता कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।

१५३. सेवाग्राहीको सहजकताका लागि भुक्तानी प्रणालीमा टोकन पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ। साथै क्रमश विद्युतिय कोष ट्रान्सफर पद्धति (EFT)मार्फत भुक्तानी गरीने व्यवस्था लाई सुदृढ पारिने छ।

१५४. विगत आर्थिक वर्षको बेरुजुहरु नियमित गर्नुपर्नेलाई नियमित गर्ने र असुल उपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धीत व्यक्ति तथा संघसंस्थाहरुसँग नियमानुसार असुल उपर गरी गराई बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिइ शुन्य बेरुजु कायम गर्ने नीति लिइनेछ।

१५५. खर्चको आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयनमा ल्याई सार्वजनिक स्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरिनेछ। खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

१५६. आर्थिक कार्य प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

१५७. रामग्राम स्तुपको विकासमा सहजीकरण गर्ने र श्रोतको सुनिश्चितता गर्ने उद्देश्यले रामग्राम विकास कोष स्थापना गरीनेछ। आवश्यक कार्यविधि सहित रामग्राम विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ।

**आदरणीय सभा अध्यक्षज्यू,** अब म नीति तथा कार्यक्रम बमोजिम आय व्ययको विवरण समावेश भएको संक्षिप्त बजेट पेश गर्दछु।

| क सं. | श्रोत | रकम | अक्षेरुपी |
|---|---|---|---|
| | आय तर्फ | | |
| १ | **संघीय सरकार** | | |
| | समानीकरण अनुदान | १६००००००० ।०० | सोह्र करोड |
| | समपूरक अनुदान पूजीगत | ७०००००००।०० | सत्तरी लाख |
| | शसर्त अनूदान चालू | २६६१०००००।०० | छब्बीस करोड एकसठ्ठी लाख |
| | शसर्त अनूदान पूजीगत | २३१३०००००।०० | तेईस करोड तेह्र लाख |
| | विशेष अनुदान पूजीगत | ११५०००००।०० | एक करोड पन्ध्र लाख |
| | **जम्मा** | **६७५९०००००।००** | **सत्तठ्ठी करोड उन्नसाठी लाख** |

| | | | |
|---|---|---|---|
| २ | प्रदेश सरकार | | |
| | समानीकरण अनुदान | १२१२७०००।०० | एक करोड एक्काइस लाख सत्ताइस हजार |
| | समपुरक अनुदान | १५००००००।०० | एक करोड पचास लाख |
| | शसर्त अनूदान चालू | ११५००००।०० | एघार लाख पचास हजार |
| | शसर्त अनूदान पूजीगत | ८००००००।०० | असी लाख |
| | **जम्मा** | ३६२७७०००।०० | **तीन करोड बैसठ्ठी लाख सत्हत्तर** |
| ३ | आन्तरिक तर्फ | | |
| | न.पा.आन्तरिक श्रोत | २६८९७१९७२।०० | छब्बीस करोड उन्नाब्बे लाख एकहत्तर नौ सय बहत्तर |
| | बांडफाड भई प्राप्त हुने मु.अ.कर | ७२४००००००।०० | सात करोड चौबिस लाख |
| | बांडफाड भई प्राप्त हुने अन्त: शुल्क | ४८२५४०००।०० | चार करोड बयासी लाख चौवन्न हजार |
| | बांडफाड भई प्राप्त हुने सवारी साधन कर | ८८८५०२८।०० | अठासी लाख पचासी हजार अठ्ठाइस |
| | प्रदेश सरकार राजश्व वांडफांड रजिष्ट्रेशन वापत | ५००००००००।०० | पाच करोड |
| | बांडफाड भई प्राप्त दहत्तर वहत्तर बिक्रीवाट प्राप्त हुने आय | २००००००।०० | बीस लाख |
| | बांडफाड भई प्राप्त हुने बन रोयाल्टी | १००००००।०० | दस लाख |
| | बांडफाड भई प्राप्त हुने विज्ञापन कर | २०००००।०० | दुई लाख |
| | **जम्मा** | ४५१७११०००।०० | **पैतालीस करोड सत्र लाख एघार हजार** |
| ४ | अन्य | | |
| | सडक वोर्ड नेपाल | ८००००००।०० | **असी लाख** |
| | **जम्मा** | ८००००००।०० | |
| | **कुल जम्मा** | ११७१८८८०००।०० | **एक अर्ब सत्र करोड अठार लाख अठासी हजार** |

| क सं. | श्रोत | रकम | अक्षेरुपी |
|---|---|---|---|
| | ब्यय तर्फ | | |
| १ | संघीय सरकार | | |
| | समपूरक अनुदान पूजीगत | १४००००००।०० | एक करोड चलीस लाख |
| | शसर्त अनूदान चालू | २६६१००००००।०० | छब्बीस करोड एकसठ्ठी लाख |
| | शसर्त अनूदान पूजीगत | २३१३००००००।०० | तेईस करोड तेह्र लाख |
| | विशेष अनुदान पूजीगत | ११५००००००।०० | एक करोड पन्ध्र लाख |
| | **जम्मा** | **५११४००००००।००** | **एकाउन्न करोड चौध लाख** |
| २ | प्रदेश सरकार | | |
| | समपुरक अनुदान | ३५००००००।०० | एक करोड पचास लाख |
| | शसर्त अनूदान चालू | ११५००००।०० | एघार लाख पचास हजार |
| | शसर्त अनूदान पूजीगत | ८००००००।०० | असी लाख |
| | **जम्मा** | ४४१५००००।०० | **चार करोड एकचालीस लाख पचास हजार** |

| | | | |
|---|---|---|---|
| ३ | **बिभिन्न कोषहरु** | | |
| | मर्मत सम्भार कोष | ३००००००।०० | तीस लाख |
| | प्रकोप ब्यवस्थापन कोष | १००००००।०० | दस लाख |
| | वडा स्तरीय समपूरक | ५०००००००।०० | पचास लाख |
| | **जम्मा** | **९०००००००।००** | **नब्बे लाख** |
| ५ | प्रशासनिक खर्च | १६६३१२०००।०० | सोह्र करोड त्रिसठ्ठी लाख बाह्र हजार |
| ६ | नगरस्तरिय योजना तथा कार्यक्रम | २३५३०००००।०० | तेइस करोड त्रिपन्न लाख |
| ७ | विषयगत योजना तथा कार्यक्रम | ५६०७६०००।०० | पाच करोड साठ्ठी लाख छेहत्तर हजार |
| ८ | क्रमागत योजना (चालु /पूजीगत) | ४५००००००।०० | चार करोड पचास लाख |
| ९ | वडास्तरिय योजना तथा कार्यक्रम | ९३१५००००।०० | नौ करोड एकतीस पचास हजार |
| | **जम्मा** | **५९५८३८०००।००** | **उनान्साठ्ठी करोड अन्ठाउन्न लाख अठतीस हजार** |
| १० | **अन्य** | | |
| | सडक वोर्ड नेपाल | ११५०००००।०० | |
| | **जम्मा** | **११५०००००।००** | |
| | **कुल जम्मा** | **११७१८८८०००।००** | **एक अर्ब सत्र करोड अठार लाख अठासी हजार** |

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको आधारभूत मूल्य मान्यता, र सुशासन कायम गर्न सम्बृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाईआत्मसाथ गर्दै **"नगर वासीको रहर स्वच्छ, सफा र विकसित नगर"**भन्ने दीर्घकालीन सोच हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सभासदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

मिति २०८०/०३/०५ र ६ गते को कार्यपालिका बैठकमा पेश भए अनुसार **रु १ अर्ब १७ करोड १८ लाख ८८ हजार** रकम बराबरको कार्यक्रम पेश गरेको छु । रामग्राम नगरलाई "स्वच्छ, सफा र विकसित नगर"का रुपमा अगाडी बढाई सबै माझ परिचित गराउने गरि सबै क्षेत्रमा वजेट विनियोजनको व्यवस्था मिलाएको छु। नगर सभाको बाह्रौ अधिवेशनबाट आर्थिक वर्ष २०८०/८१ का लागि पारित हुने नीति तथा कार्यक्रमले समृद्ध नगर निर्माण गर्न महत्वपूर्ण योगदान गर्नेविश्वास लिएकी छु ।

आगामी आर्थिक वर्षमा वडा समितिवाट प्राथमिकतामा राखि सिफारिस भै आउने एवं नगरस्तरिय अन्य सबै कार्यक्रमहरु विषेश प्राथमिकताका साथ संचालनमा ल्याइने छ । यी सबै कार्यक्रमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु। आगामी आर्थिक बर्षलाई अभियानका रुपमा सवै योजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

**सभाअध्यक्ष महोदय,**

आय व्ययको माथि उल्लेखीत अनुमान बमोजीम विस्तृत योजना कार्यक्रम र योजनागत बजेटको विवरण विस्तृत रुपमा अनुसूचीमा समावेश गरीएको छ । उक्त अनुसूचीको विवरण यहाँहरुको हात हातमा पुर्याइ सकिएको व्यहोरा अनुरोध गर्दछु।

**आदरणीय सभा अध्यक्षज्यू,**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा संलग्न रहिस्पष्ट मार्गदर्शन गर्नुहुने रामग्राम नगरपालिका नगरप्रमुखज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी  नीती तथा कार्यक्रम तयार गर्ने कार्यमा सुझाव दिई सहयोग पुर्याउनु हुने सबै वडाका वडा अध्यक्षज्यूहरु,नगर कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, स्थानीय राजनैतिक दलका प्रमुख तथा प्रतिनीधीज्यूहरु,विभिन्न संघ संस्थाका प्रतिनीधीज्यूहरु, संचारकर्मीहरुलगायत सम्पूर्ण नगरबासीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षहरुबाट सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा लिदै यस स्थानीय सरकारले अघि सारेको उल्लेखीत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पु¥याउन नेपाल सरकार,लुम्विनी प्रदेश सरकार,निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, सम्पूर्ण नगरबासीहरु,सञ्चार जगत, नागरिक समाज एवं बुद्धिजीवि वर्ग रामग्राम नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, सम्पूर्ण कर्मचारीहरुतथा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सरोकार राख्ने सबै वर्ग र महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । नमस्कार ..

**संझना चौधरी**
**नगर उपप्रमुख**